# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सल्यान, शारदा नगरपालिका, वडा नम्बर १५ अन्तर्गत पूर्वाधार विकास कार्यालय, सल्यानबाट आर्थिक वर्ष २०७७।०७८ मा सडक निर्माण कार्यमा लागत अनुमान विपरीत कार्य गरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पूर्वाधार विकास कार्यालय, सल्यानका तत्कालीन निमित्त कार्यालय प्रमुख इन्जिनियर विनोद पुन, सब-इन्जिनियर प्रकाश शाही र सब-इन्जिनियर कुमार बोहराले** सडक निर्माण स्थलमा नभएको नगरेको कामको परिमाणसमेत मूल्याङ्कन गरी नापी किताबमा चढाई गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी झुट्टा विल भरपाईलाई स्वीकार गरी अन्तिम विल भुक्तानी गरी निजहरु विनोद पुन, प्रकाश शाही र कुमार बोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) र (ङ) तथा बदनियतपूर्वक भए गरेको कार्य लुकाई छिपाई नभए नगरेको कुरा देखाई गलत कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी ऐ.ऐनको दफा १९(२) बमोजिम समेत कसुर गरेको देखिंदा निजहरु विनोद पुन, प्रकाश शाही र कुमार बोहरा उपर रु.७,१४,०४१।०९ (सात लाख चौध हजार एकचालीस रुपैयाँ नौ पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी सो विगोसमेत असुल उपर हुन साथै ऐ.ऐन को दफा १९(२) बमोजिम समेत सजाय हुन मागदावी लिइएको छ ।

**साथै, सुन्दरडाँडा थाङ्नेखोला सडक निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष कुलबहादुर वुढा, कोषाध्यक्ष नन्दकुमारी कवर र सचिव मानदेव कवरले** फिल्डमा वास्तविक रुपमा भएको कार्यभन्दा बढी नभए नगरेको कार्यको समेत मूल्याङ्कन गरी गराई कार्यसम्पन्न भयो भनी कार्य सम्झौता बिपरीत भुक्तानी माग गरी भुक्तानीसमेत लिई निजहरु कुलबहादुर वुढा, नन्दकुमारी कवर र मानदेव कवरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (४) बमोजिम कसुर गरेको देखिंदा निजहरु उपर रु.७,१४,०४१।०९ (सात लाख चौध हजार एकचालीस रुपैयाँ नौ पैसा मात्र) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ उपदफा (४) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगोसमेत जफत हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी